**NEPALI**

# आप्रवासीहरूका लागि जानकारी

**आप्रवासीहरूलाई दिइने विशेष सेवाहरूले निम्न कुराहरूमा सहायता प्रदान गर्छन्:**

- तपाईंलाई इन्टिग्रेसनका अग्रिम चरणका क्रममा सहायता चाहिएका खण्डमा।
- तपाईं निवास अनुमतिपत्रविनै वा कुनै नगरपालिकामा दर्ता नगरिकनै हेल्सिङ्कीमा बसोबास गरिरहनुभएको खण्डमा।
- तपाईं मानव तस्करीबाट पीडित मानिसहरूको सहायता प्रणालीमा सामेल भएका खण्डमा वा तपाईंले आफू शोषित भएको शङ्का गरेका खण्डमा।

हामी तपाईंलाई नयाँ देशमा आफ्नो दैनिक जीवन व्यवस्थापन गर्ने सहायता प्रदान गर्छौँ। हामी मिलेर वित्त, हाउजिङ, कल्याण र सम्बन्धहरूसँग सम्बन्धित समस्याहरूको समाधान भेट्टाउन सक्छौँ। यसका अतिरिक्त, हामी निवास, देशमा प्रवेश गर्ने कार्य र सामाजिक सहभागीतासँग सम्बन्धित कुराहरूमा पनि सहायता गर्न सक्छौँ। हामी सेवाहरू प्रदान गर्ने क्रममा आवश्यक परेका बेला अनुवादकहरू प्रयोग गर्छौँ।

हामी Työpajankatu 14A, 00580 Helsinki मा स्थित Kalasatama Health and Well-being Center मार्फत सामाजिक कल्याणको दृष्टिकोणबाट परामर्श चाहिने जोकोहीलाई पनि अपोइन्टमेन्टविनै उक्त परामर्श प्रदान गर्छौँ।

### आमने-सामने दिइने परामर्श

स्थान: Kalasatama Health and Well-being Center (THK), Työpajankatu 14A

समय: बिहान ८:१५ – बेलुकी ४:००

कोठा: १००१, लाम नम्बरसहित सेवा उपलब्ध हुन्छ

### फोनमार्फत दिइने परामर्श

आप्रवासी र मानव तस्करीबाट पीडित मानिसहरूका लागि

फोन नम्बर: ०९३१०३७५७७

समय: बिहान ८:१५ – दिउँसो १२:०० र बिहान १:०० – बेलुकी ४:००

नामांकन नगरिएका व्यक्तिहरूका लागि

फोन नम्बर: ०९३१०२३७४७

समय: बिहान ९:०० – बेलुकी ४:००

तपाईं Maisa अनलाइन सेवामार्फत पनि हाम्रा सेवाहरूका लागि आवेदन दिन सक्नुहुन्छ।

**आप्रवासीहरूलाई दिइने विशेष सेवाहरूले तपाईंलाई निम्नलगायतका अवस्थाहरूमा सहायता प्रदान गर्न सक्छन्:**

- मलाई हाउजिङका लागि आवेदन दिन वा भाडासम्बन्धी सम्झौताका बारेमा बुझ्न समस्या भइरहेको छ र मलाई सहायता चाहिन्छ।
- म पारिवारिक पुनर्मिलनका बारेमा प्रश्नहरू सोध्न चाहन्छु र मेरो परिवार फिनल्यान्डमा आइपुग्दा मलाई सहायता चाहिन्छ।
- मातृ-भाषामा दिइएका निर्देशन र सामग्रीहरू पर्याप्त नभएकाले मलाई विभिन्न कुराहरू व्यवस्थापन गर्न थप मद्दत चाहिन्छ।
- मैले वित्तीय समस्याहरू सामना गरिरहेको छु र मलाई वित्तीय योजना बनाउन परामर्श चाहिन्छ।
- मलाई निवास वा देशमा प्रवेश गर्ने सम्बन्धमा आइपर्न सक्ने समस्याहरू समाधान गर्न सहायता चाहिन्छ।
- मेरो पहिचान नामांकन गरिएको छैन र मलाई मेरो जीवनको यो कठिन अवस्थामा सहायता चाहिन्छ।
- मलाई मेरो कल्याण, मानसिक स्वास्थ्य वा सम्बन्धसम्बन्धी समस्याहरूका सम्बन्धमा मद्दत चाहिन्छ।
- म मानव तस्करी वा अन्य शोषणबाट पीडित छु र मलाई यो अवस्थामा सहायता चाहिन्छ।
- म अन्तर्राष्ट्रिय विद्यार्थी हुँ र मलाई दैनिक जीवन व्यवस्थापन गर्ने क्रममा सहायता चाहिन्छ।